**OKHALDHUNGA : ओखलढुङ्गा**
[Yearly Peer Reviewed Journal]
ISSN: 3021-9965
Vol. 2, No. 3, May 2025
Published by Okhaldhunga Campus

# शिक्षण पेशाप्रति शिक्षक/प्राध्यापकहरूको सन्तुष्टि

**कुमार बहादुर बानियाँ**

*Article History : Submitted 2 March. 2025; Reviewed 13 April 2025; Accepted 6 May 2025*
*Author : Kumar Bahadur Baniya Email: kumarbaniya404@gmail.com*
*DOI: https://doi.org/10.3126/oj.v2i3.80005*

**लेखसार**

*प्रस्तुत अध्ययनले सामुदायिक क्याम्पसका शिक्षक/प्राध्यापकहरूको शिक्षण पेशाप्रति सन्तुष्टिको अवस्था, प्रभावकारी तत्त्वहरूको मूल्याङ्कन र समस्याहरूको समाधान सुझाउन मिश्रित (गुणात्मक र परिमाणात्मक) अनुसन्धान ढाँचा अपनाएको छ । तथ्याङ्क सङ्कलनका लागि अन्तर्वार्ता, प्रश्नावली, अन्तरक्रिया र छलफल निर्देशिका मार्फत प्राथमिक र द्वितीय स्रोतहरू प्रयोग गरिएको छ । अध्ययनले ४३.७५% शिक्षक/प्राध्यापक सन्तुष्ट र ५६.२५% असन्तुष्ट रहेको देखाएको छ । असन्तुष्टिको प्रमुख कारणहरूमा न्यून तलब, सुविधाको अभाव, लामो समय एउटै तहमा कार्य गर्नुपर्ने बाध्यता र तालिमको कमी रहेको पाइयो । शिक्षक/प्राध्यापकहरूको दृष्टिकोण सकारात्मक र नकारात्मक दुवै रहेको छ; सकारात्मक दृष्टिकोण राख्नेले नकारात्मक पक्षलाई बेवास्ता गरेको र नकारात्मक दृष्टिकोण राख्नेले सकारात्मक पक्षलाई बेवास्ता गरेको देखिन्छ । सामाजिक दृष्टिकोण पनि मिश्रित रहेको छ । सुझावस्वरूप, सामुदायिक क्याम्पसका शिक्षक/प्राध्यापकलाई आंगिक क्याम्पस सरह तलब र सुविधा, नियमित अनुगमन, राजनीतिक हस्तक्षेपमुक्त वातावरण र व्यवस्थापनमा एकरूपता कायम गर्नुपर्ने देखिन्छ । नीति निर्माण र कार्यान्वयनमा त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, क्याम्पस व्यवस्थापन समिति र शिक्षक/प्राध्यापकहरूको सहकार्य आवश्यक छ । क्याम्पस र कक्षाकोठालाई कार्यान्वयनको प्रमुख थलो बनाउनुपर्छ । यो अध्ययनले शिक्षक/प्राध्यापकको पेशागत सन्तुष्टि वृद्धिका लागि नीति सुधार र व्यावहारिक उपायहरूको आवश्यकता औँल्याएको छ ।*

***मुख्य शब्दावली :*** सामुदायिक क्याम्पस, शिक्षण पेशा, सन्तुष्टि, पुनर्वल, नतिजा

## पृष्ठभूमि

नेपालमा शैक्षिक विकास तथा सुधारका लागि विगत देखि विभिन्न प्रयासहरू हुँदै आएका छन् । बद्लिदो समयको आवश्यकता पूरा गर्न शिक्षाको उद्धेश्य नीति, संरचना तथा कार्यक्रम समयानुकुल परिवर्तन गरिएका छन् । तर शैक्षिक गुणस्तर भने अपेक्षाकृत वृद्धि भएको छैन । त्यसैगरी शिक्षकको पेशागत दक्षता पेशामा सन्तुष्टि अभिवृद्धिका लागि राज्यले शिक्षक/प्राध्यापकलाई तालिम, समय सापेक्ष तलव, भत्ता, ग्रेड, पुरस्कार, पोसाक जस्ता प्रयासहरू गर्दै आएता पनि सामुदायिकक क्याम्पसका शिक्षक/प्राध्यापकहरू व्यवस्था नगरिएको कारणले पेशागत दक्षताको विकास भने भएको देखिदैन । शिक्षण पेशालाई जिम्मेवार र महत्त्वपूर्ण पेशाको रूपमा लिइन्छ । जसले लाखौं बालबालिकाको भविष्य निर्माण साथै राष्ट्रको कर्णधार बनाउने र शैक्षिक जनशक्ति निर्माण गर्ने कार्य गर्दछ । शिक्षक/प्राध्यापक एक शिक्षण पेशामा संलग्न व्यक्ति हो जो व्यत्तिगत सामाजिक र शैक्षिक गुणले युक्त हुनुपर्दछ । जसले शिक्षक/प्राध्यापक राष्ट्रको लागि असल मार्गदर्शक बन्न सक्दछ ।

नेपालको वर्तमान परिपेक्षलाई आँकलन गर्दा शिक्षक/प्राध्यापकले एक संरक्षणकर्ताका रूपमा , कुशल शिक्षणकर्ताको रूपमा, समुदायको सचेत नेताको रूपमा,प्रजातान्त्रिक मूल्यको बाहकको रूपमा, बालकको प्रेरकको रूपमा, विकास कार्यको सहयोगिका रूपमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ । यस अध्ययनमा शिक्षक/प्राध्यापकहरूको पेशागत सन्तुष्टिका लागि तालिमबाट प्राप्त ज्ञान, सीप र अनुभव तिनलाई कक्षा शिक्षणमा प्रयोग गर्न अपनाइएका क्रियाकलापको अध्ययन गरिएको छ । शिक्षक/ प्राध्यापकहरूलाई समय समयमा विभिन्न किसिमका तालिमहरूको अभावमा शैक्षिक गुणस्तरमा सुधार आउन नसक्नु तथा विद्यार्थीहरूको सिकाइ उपलब्धिमा खासै वृद्धि नहुनु र पुनर्वलका थप उर्जाहरूलाई उल्लेखित विषयवस्तुसँग सम्बन्धित समस्याहरू रहेका छन् । तसर्थ शिक्षक/प्राध्यापकको पेशागत सन्तुष्टि पत्ता लगाउन र त्यसलाई सुधार तथा परिमार्जन गर्ने उपायका लागि के कस्तो कार्य गर्नु पर्दछ भन्ने कुराको खोजि गर्नका लागि यो विषयलाई प्रस्तुत गरिएको छ । शिक्षण पेसामा संलग्न शिक्षक/प्राध्यापक आफ्नो जिम्मेवारी, कर्तव्य, पारिश्रमिक प्रगति र सामाजिक प्रतिष्ठामा सन्तुष्ट छन् वा छैनन् भन्ने प्रश्न नै यस अध्ययनको समस्याको रूपमा रहेको छ ।

कुनै पनि अध्ययन अनुसन्धानको आ–आफ्नै स्थानमा विशिष्ट र महत्त्वपूर्ण अर्थ हुन्छ । समाज परिवर्तनका निम्ति मात्र हैन राष्ट्र तथा अन्तर्रााष्ट्रिय स्तरका विविध क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादनमा समेत शिक्षण पेशा महत्त्वपूर्ण मानिन्छ । शिक्षण पेशाप्रति शिक्षक/प्राध्यापकको सन्तुष्टि विषयमा केन्द्रित भएर यो अध्ययन गरिनेछ । जुनसुकै अनुसन्धान अर्थपूर्ण समस्या समाधान गर्ने, ज्ञान सिद्धान्त तथा उपयोगिताको दृष्टिकोणबाट गरिने हुदाँ अनुसन्धान कार्यमा भएको खर्च ,समय तथा श्रममा भएको लगानिको महत्त्व तथा सार्थकतालाई पुष्टि गर्नु आवश्यक हुन जान्छ ।

शिक्षण पेसालाई महत्त्वपूर्ण र जिम्मेवार पेशाका रूपमा लिइन्छ । हरेक अनुसन्धान कुनै अर्थपूर्ण समस्या समाधान गर्न नयाँ नयाँ तथ्य ज्ञान वा सिद्धान्त प्रतिपादन गर्न तथा उपयोगिताको दृष्टिकोणबाट गरिएको हुन्छ ।यो अध्ययन पनि शिक्षक/प्राध्यापकको पेशागत धारणा र सन्तुष्टि के कस्तो रहेको छ भनि गरिन्छ ।यस अध्ययनबाट शिक्षक/प्राध्यापकहरूको शिक्षण पेशा प्रतिको सन्तुष्टि पत्ता लगाई शिक्षणलाई व्यवस्थित गर्न, आवश्यक उपायको खोजी गर्न, नीति निर्माताहरूलाई सहयोग गर्न, सेवा सुविधा सुधार हुने, व्यवस्थित शिक्षण गर्नका लागि शिक्षक/प्राध्यापकमा आवश्यक गुणको विकास गर्न, प्रोत्साहन हुने, तालिमको आवश्यकता र प्रभावकारीता बढ्ने, पेशागत सुरक्षा बढाउने उपाय निर्माण गर्न सहयोग पुग्ने, शिक्षणमा देखिएका कमिकमजोरी हट्दै जाने, शिक्षण पेशाप्रति उत्प्रेरणा बढ्ने, लगानिलाई सार्थक बनाउन सहयोग पुग्ने जस्ता कार्य हुने अपेक्षाले यसको अध्ययन औचित्यपूर्ण हुने विश्वास गरिएको छ । यस अध्ययनको उक्कद्देश्य शिक्षक/प्राध्यापकको पेशागत सन्तुष्टिको अवस्था पत्ता लगाउनु र शिक्षक/प्राध्यापकको सन्तुष्टिलाई प्रभावपार्ने तत्त्वहरूको मूल्याङ्कन गर्नु हो

**सम्बन्धित साहित्यको पुनरावलोकन**

कुनैपनि अध्ययन अनुसन्धानलाई प्रभावकारी, व्यवहारिक र वैज्ञानिक बनाउनका लागि सम्बधित साहित्यको पुनरवलोकन अति आवश्यक छ । अध्ययनको यस खण्डमा यस अध्ययन सँग सम्वन्धित साहित्यको पुनरवलोकन र अध्ययनको सैद्धान्तिक खाका प्रस्तुत गरिएको छ । Herzberg ले व्यावसायिक संगठनका कर्मचारीहरूलाई अन्तर्वार्ता लिई उत्प्रेरणा सम्बन्धी अनुसन्धानको लागि प्रयोग गरेको मुख्य स्रोत उनको द्वि-कारक सिद्धान्त (Two–Factor Theory) को विकास थियो। यस सिद्धान्तलाई उत्प्रेरक-स्वच्छता सिद्धान्त (Motivator–Hygiene Theory) पनि भनिन्छ। उनको अनुसन्धान अनुसार कामसँग सम्वन्धित दुई तत्त्व हुन्छन् आरोग्य तत्त्व र उत्प्रेरणा तत्त्व । आरोग्य तत्त्व कामदारको कार्य वातावरण सँग सम्बन्धीत छ । यो तत्त्व सवै प्रकारका कार्यका लागि आवश्यक हुन्छ । हर्जवर्गको अध्ययनको परिणमअनुसार आरोग्य तत्त्वहरू विद्यमान नरहेमा कर्मचारीमा असन्तुष्टि उत्पन्न हुन्छ तर यि तत्त्वहरू विद्यमान रहेमा उसलाई उच्च कार्यसम्पादन गर्न सन्तुष्टि हुन्छ । त्यसैले राम्रो कार्य गर्न यसले कर्मचारीलाई उत्प्रेरित भने गर्दैन । कामदारहरूको कार्यवातावरणमा आरोग्य तत्त्वको अभाव भएमा असन्तुष्टिको सिर्जना हुन्छ । यस तत्त्वको विद्यमान रहेमा असन्तुष्टि हुदैँन । सन्तुष्टि पनि हुदैँन । ठीकै छ वा सन्तुष्टि नभएको भन्ने अवस्थामा रहन्छ । उनिहरू पूर्ण सन्तुष्टि तथा पूर्ण असन्तुष्टि बीच अवस्था मा पुग्छन् भने उत्प्रेरणा तत्त्व अन्तर्गत कर्मचारीलाई कार्य गर्न प्रोत्साहन पुऱ्याउने तत्त्वहरू पर्दछन् । ती तत्त्वहरू विद्यमान रहेमा कर्मचारीहरूलाई आत्मसन्तुष्टि प्राप्त हुन्छ र राम्रो काम गर्न प्रेरित गर्दछ । यस सिद्धान्त अनुसार आरोग्य तत्त्वहरूले कर्मचारीहरूलाई कार्य असन्तुष्टिबाट कार्यसन्तुष्टि नभएको अवस्थामा ल्याउँछ । तब उनिहरू संगठनमा टिक्छन् । तर उच्च कार्यसम्पादन भने गर्दैनन् । त्यसपछि उत्प्रेरक तत्त्वहरूले उनीहरूलाई कार्यसन्तुष्टि नभएको बाट कार्यसन्तुष्टिको अस्थामा ल्याउछ । उनको दृष्टिकोणमा कार्य सन्तुष्टि भएमा मात्र सङ्गठनमा टिक्ने गर्दछन् र कार्य सफलता प्राप्त हुन्छ । त्यसरी नै शिक्षक/प्राध्यापकको शिक्षण पेशामा पनि सन्तुष्टि हुन आवश्यक भएकाले यो सिद्धान्तलाई यस अध्ययनमा सम्बन्धीत गरिएको छ ( सिंह, २०७२ द्वारा उदृत) ।

## अध्ययन विधि

यस अध्ययनलाई पूरा गर्न गुणत्मक र परिमाणात्मक (मिश्रित) ढाँचाको प्रयोग गरिएको छ । सम्बन्धित कार्य क्षेत्रमा गएर शिक्षक/प्राध्यापक,क्याम्पस प्रमुखसँग अन्तर्वाता प्रश्नावलि, अन्तर्क्रिया तथा छलफल निर्देशिका जस्ता साधनहरू मार्फत प्राथमिक र द्वितीय दुवै स्रोतहरूको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । यस अध्ययनका लागि ओखलढुंगा जिल्ला भित्रका ४ वटा सामुदायिक क्याम्पस, र उक्त क्याम्पसकाका शिक्षक/प्राध्यापकहरू र क्याम्पस प्रमुखहरूलाई जनसङख्याको रूपमा लिइएको छ ।

यस अध्ययनका लागि ४ वटा सामुदायिक क्याम्पसहरूलाई नमुना क्याम्पसको रूपमा छनोट गरिएको छ । चारैवटा क्याम्पसबाट क्याम्पस प्रमुख १/१ जनाका दरले जम्मा ४ जना, महिला शिक्षक/प्राध्यापकहरू १/१ जनाका दरले जम्मा ४ जना र पुरूष शिक्षक/प्राध्यापकहरू २/२ जनाका दरले ८ जना गरी जम्मा १६ जनालाई नमुनाको रूपमा छनोट गरिएको छ । ओखलढुंगा जिल्लाका ४ वटा सामुदायिक क्याम्पसलाई अध्ययनको क्षेत्र सीमित गरिएको छ । जसमा ओखलढुंगा क्याम्पस ओखलढुंगा, शहिद आर्दश क्याम्पस रामपुर, उमा कट्वाल क्याम्पस निशंखे,र रुम्जाटार क्याम्पस रुम्जाटारलाई लिईएको छ । यस अध्ययनमा शिक्षण पेशामा शिक्षक/प्राध्यापकको सन्तुष्टि विषयवस्तुको अध्ययन क्षेत्र रहको छ । प्रस्तुत अध्ययन क्षेत्रमा तथ्याङ्क संकलन गर्दा पटक पटक गई शिक्षक/प्राध्यापकहरूसँगको प्रत्यक्ष अन्तर्क्रियाबाट लिइएको छ । तथ्याङ्कलाई प्राथमिक स्रोत र द्वितीय स्रोत गरी छुट्टाछुट्टै रूपमा तथ्याङ्क सङ्कलन गरिएको छ । अन्तर्वार्ता प्रश्नावली, अन्तर्क्रिया र छलफल निर्देशिकालाई प्राथमिक स्रोतको रूपमा लिएको छ भने क्याम्पस अभिलेख, पुस्तक, पत्रपत्रिका, जर्नल, शैक्षिक दस्तावेजहरूलाई द्वितीय स्रोतको रूपमा लिएको छ । सम्बन्धित अध्ययन क्षेत्रबाट तथ्याङ्क लिखित रूपमा लिइएको छ ।

## नतिजा र छलफल

वस्तुनिष्ठता र मापन: परिमाणात्मक विश्लेषणले घटनाहरूलाई संख्यात्मक रूपमा मापन गर्न र वस्तुनिष्ठ निष्कर्षमा पुग्न मद्दत गर्दछ। तथ्यांकको प्रयोगले व्यक्तिगत पूर्वाग्रह र अनुमानलाई कम गर्छ।

सामान्यीकरण: ठूलो संख्यामा डेटा संकलन र विश्लेषण गरेर, परिमाणात्मक विश्लेषणले प्राप्त निष्कर्षहरूलाई ठूलो जनसंख्यामा सामान्यीकरण गर्न सम्भव बनाउँछ। यो नीति निर्माण र व्यापक प्रवृत्तिहरू बुझ्न महत्त्वपूर्ण छ।

सटीकता र परिशुद्धता: संख्यात्मक डेटाको विश्लेषणले सटीक र परिशुद्ध परिणामहरू प्रदान गर्दछ। सांख्यिकीय विधिहरूले डेटामा रहेका सम्बन्धहरू र ढाँचाहरूलाई स्पष्ट रूपमा पहिचान गर्न मद्दत गर्दछन्।

तुलनात्मक अध्ययन: परिमाणात्मक डेटाले विभिन्न समूहहरू, समय अवधिहरू, वा चरहरू बीच तुलना गर्न सजिलो बनाउँछ। यसले भिन्नताहरू र समानताहरू पहिचान गर्न मद्दत गर्दछ।

कारण र प्रभावको विश्लेषण: सांख्यिकीय विधिहरू जस्तै प्रतिगमन विश्लेषणले चरहरू बीचको कारण र प्रभाव सम्बन्ध स्थापित गर्न मद्दत गर्न सक्छ, यद्यपि सावधानीपूर्वक डिजाइन र नियन्त्रण आवश्यक हुन्छ।

पूर्वानुमान: ऐतिहासिक डेटाको विश्लेषण गरेर, परिमाणात्मक विधिहरूले भविष्यका प्रवृत्तिहरू र परिणामहरूको पूर्वानुमान गर्न मद्दत गर्न सक्छन्। यो ब्यापार र नीति निर्माणमा उपयोगी छ।

गुणात्मक विश्लेषण गैर-संख्यात्मक डेटामा केन्द्रित हुन्छ, जस्तै अन्तर्वार्ता, अवलोकन, र पाठ्य सामग्री। यो किन महत्त्वपूर्ण छ भन्ने तर्कहरू:

गहिरो बुझाइ: गुणात्मक विश्लेषणले घटनाहरू, अनुभवहरू, र धारणाहरूको गहिरो र विस्तृत बुझाइ प्रदान गर्दछ। यसले "किन" र "कसरी" जस्ता प्रश्नहरूको जवाफ दिन मद्दत गर्दछ।

सन्दर्भ र जटिलता: गुणात्मक विश्लेषणले सामाजिक र सांस्कृतिक सन्दर्भलाई ध्यानमा राख्छ र जटिल घटनाहरूलाई समग्र रूपमा बुझ्न मद्दत गर्दछ। यसले संख्यात्मक डेटाले मात्र प्रकट नगर्ने सूक्ष्मताहरूलाई उजागर गर्दछ।

नयाँ विचार र सिद्धान्तको विकास: गुणात्मक अनुसन्धानले नयाँ ढाँचाहरू, विषयवस्तुहरू, र सिद्धान्तहरू पहिचान गर्न मद्दत गर्न सक्छ जुन पहिले अज्ञात थिए। यो अन्वेषणात्मक अनुसन्धानको लागि विशेष गरी उपयोगी छ।

लचकता र अनुकूलनशीलता: गुणात्मक अनुसन्धान विधिहरू लचिलो हुन्छन् र अनुसन्धान प्रक्रियाको क्रममा परिवर्तन गर्न सकिन्छ। यसले अप्रत्याशित खोजहरूलाई समायोजन गर्न मद्दत गर्दछ।

मानवीय अनुभवको अन्वेषण: गुणात्मक विश्लेषणले व्यक्तिहरूको अनुभव, भावना, र दृष्टिकोणलाई बुझ्न महत्वपूर्ण भूमिका खेल्छ। यसले मानवीय पक्षलाई उजागर गर्दछ जुन संख्यात्मक डेटाले मात्र कब्जा गर्न सक्दैन।

अर्थ र व्याख्या: गुणात्मक विश्लेषणले डेटामा निहित अर्थ र व्याख्यालाई बुझ्न मद्दत गर्दछ। यसले किन मानिसहरूले निश्चित तरिकाले व्यवहार गर्छन् वा के सोच्छन् भन्ने बारे अन्तर्दृष्टि प्रदान गर्दछ।

संक्षेपमा, परिमाणात्मक विश्लेषण वस्तुनिष्ठता, सामान्यीकरण, र सटीक मापन प्रदान गर्दछ, जबकि गुणात्मक विश्लेषण गहिरो बुझाइ, सन्दर्भ, र नयाँ विचारहरूको विकासमा योगदान गर्दछ। दुवै विधिहरू आ-आफ्नै स्थानमा महत्त्वपूर्ण छन् र धेरै अनुसन्धान प्रश्नहरूको जवाफ दिन एकअर्कालाई पूरक हुन सक्छन्। केही अनुसन्धानहरूले दुवै विधिहरूलाई संयोजन गरेर (मिश्रित विधि अनुसन्धान) अझ व्यापक र गहन बुझाइ हासिल गर्दछन्।शिक्षण पेशाप्रति शिक्षक/प्राध्यापकहरूको सन्तुष्टि विशेष शिक्षक/प्राध्यापकहरूसँग केन्द्रित हुने हुनाले प्रत्यक्ष रूपमा सम्बन्धित क्षेत्रमा गई शिक्षण पेशामा संलग्न शिक्षक/प्राध्यापकहरू, क्याम्पस प्रमुख, महिला शिक्षक/प्राध्यापकहरूसँगको अन्तर्वार्ता, प्रश्नावली, र छलफल बाट आवश्यक तथ्याङ्क तथा सूचनाहरू संकलन गरिएको छ । प्राप्त स्थलगत अध्ययन तथ्याङ्क

अनुसारको ओखलढुंगा क्याम्पस ओखलढुंगामा जम्मा १९ जना शिक्षक/प्राध्यापकहरू रहेका छन् । जसमा ४ जना २१.०१ प्रतिशत नमुना जनसङख्या रहेको छ । जसमध्ये शिक्षण पेशामा सन्तुष्ट हुने शिक्षक/प्राध्यापकहरूको सङ्ख्या १जना २५ प्रतिश रहेको छ । शिक्षण पेसामा असन्तुष्ट हुने शिक्षक/प्राध्यापक हरूको सङ्ख्या ३ जना ७५ प्रतिशत रहेको छ । तालिकामा प्रस्तुत तथ्याङ्क अनुसार ओखलढुंगा क्याम्पस ओखलढुंगामा सन्तुष्टि हुने शिक्षकहरूको सङ्ख्या भन्दा असन्तुष्टि हुने शिक्षकहरूको सङ्ख्या बढी रहेको देखिन्छ ।

नमुना छनोटमा परेको अर्को क्याम्पस शहिद आर्दश क्याम्पस रामपुरमा शिक्षकहरूको शिक्षकहरूको सङ्ख्या २१ जना रहेको छ । शिक्षक/प्राध्यापकहरूको नमुना जनसङ्ख्या ४ जना १९.०४ प्रतिशत रहेको छ। शिक्षण पेशाप्रति सन्तुष्ट हुने शिक्षक/प्राध्यापकहरूको सङ्ख्या २ जना ५० प्रतिशत रहेको छ। आफ्नो पेशाप्रति असन्तुष्ट हुने शिक्षक/प्राध्यापकको सङ्ख्या पनि २ जना ५० प्रतिशत रहेको छ। शहिद आर्दश क्याम्पस रामपुरमा अध्ययन गरिएको तथ्याङ्क अनुसार शिक्षण पेशामा सन्तुष्ट हुने शिक्षक/प्राध्यापकहरूका सङ्ख्या ५० प्रतिशत रहेका छ र असन्तुष्ट हुने शिक्षकको सङ्ख्या पनि ५० प्रतिशत नै रहेको देखिन्छ । उक्त क्याम्पसमा शिक्षण पेशाप्रति सन्तुष्ट हुने र असन्तुष्ट हुने शिक्षक/ प्राध्यापकहरूको सङ्ख्या बरावर रहेको पाइयो ।

त्यस्तै गरेर उमा कट्वाल क्याम्पस निशंखे मा जम्मा ११ जना शिक्षक/प्राध्यापक रहेका छन् । उक्त क्याम्यसमा नमुना छनेटमा परेका जनसङ्या ४ जना ३६.३६ प्रतिशत रहेको पाइयो । उक्त ३६.३६ प्रतिशत जनसङ्ख्या मध्ये आफ्नो पेशामा सन्तुष्ट हुने शिक्षक/प्राध्यापकहरूको सङ्ख्या २ जना ५० प्रतिशत रहेको छ । असन्तुष्ट हुने शिक्षक/प्राध्यापकहरूको सङ्ख्या पनि २ जना नै रहेको छ अथवा ५० प्रतिशत नै रहेको देखिन्छ । यस क्याम्पसमा शिक्षण पेशाप्रति सन्तुष्ट हुने शिक्षक/प्राध्यापक र असन्तुष्ट हुने शिक्षक/प्राध्यापकहरूको सङ्ख्या वरावर नै रहेको पाइयो ।

रुम्जाटार क्याम्पस रुम्जाटारमा जम्मा शिक्षक/प्राध्यापकहरूको सङ्ख्या १० जना रहेको छ । जसमा नमुना छनोटमा परेका शिक्षकहरूको सङ्ख्या ४ जना ४० प्रतिशत रहेको देखिन्छ । उक्त विवरण अनुसार ४० प्रतिशत जनसङ्ख्या मध्ये शिक्षण पेसामा सन्तुष्ट हुने शिक्षाक/प्राध्यापकको सङ्ख्या २ जना अथवा ५० प्रतिशत रहेको छ । शिक्षण पेसामा असन्तुष्ट हुने शिक्षक/प्राध्यापकको सङ्ख्या २ जना वा ५० प्रतिशत रहेको पाइयो । रुम्जाटार क्याम्पस रुम्जाटारमा शिक्षण पेशाप्रति असन्तुष्ट हुने शिक्षक/प्राध्यापकहरूको सङ्ख्या र शिक्षण पेशाप्रति सन्तुष्ट हुने शिक्षक/प्राध्यापक हरूको सङ्ख्या बराबर रहेको पाइन्छ । समग्रमा हेर्दा जम्मा नमुना छनोटमा परेका शिक्षक/प्राध्यापकहरू १६ जना २६.२२ प्रतिशत रहेको छन् । जसमा सन्तुष्ट हुने शिक्षक/प्राध्यापकको सङ्ख्या ७ जना ४३.७५ प्रतिशत रहेको छ भने असन्तुष्ट हुने शिक्षक/प्राध्यापकहरूको सङ्ख्या ९ जना ५६.२५ प्रतिशत रहेको छ । समग्रमा हेर्दा शिक्षण पेशामा अधिकाशं सामुदायिक क्याम्पसका शिक्षक/प्राध्यापकहरू शिक्षण पेशाप्रति असन्तुष्ट रहेका छन् ।

**निष्कर्ष**

उच्च शिक्षा क्षेत्रसँग सम्बन्ध राख्ने विभिन्न निकायहरू शिक्षा मन्त्रालय, शिक्षा विभाग, त्रिभुवन विश्व बिद्यालय, परीक्षा नियन्त्रण कार्यलय लगायत सम्पूर्ण निकायहरू साथै नीति निर्माणकर्ताहरूले नीति नियम निर्माण र सुधार गरी क्याम्पस तहको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक छ । जसका लागि निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ

सामुदायिक क्याम्पसका शिक्षक/प्राध्यापकहरूलाई आंगिक क्याम्पसका शिक्षक/प्राध्यापक सरह पारिश्रमिक र सुविधा प्रदान गर्नु पर्दछ । निरिक्षण र अनुगमन प्रक्रियालाई निरन्तरता दिनु पर्दछ । राजनैतिक वातावरण र शैक्षिक संस्थालाई अलग्गै रहने वातावरण निर्माण गर्न ध्यान पुऱ्याउनु पर्दछ । आंगिक तथा सामुदायिक क्याम्पसहरूको व्यवस्थापन तथा सञ्चालन प्रक्रियामा एकरूपता कायम गर्नुपर्दछ जसले गर्दा शैक्षिक पेशागत सन्तुष्टिमा सहयोग पुग्दछ । प्रशासनिक निकाय र नीति निर्माणकर्ताहरूले निर्माण गरेका नीतिको सही कार्यन्वयन भएमा मात्र त्यसको सार्थकता रहन्छ । यसमा क्याम्पस प्रशासन र शिक्षक/प्राध्यापकहरूको महत्त्वपूर्ण भुमिका रहन्छ । क्याम्पसको वातावरण र कक्षाकोठा नै त्यसको कार्यन्वयन थलो हो । अनुसन्धानमा क्याम्पसको वातावरण र कक्षा कोठालाई नै प्रयोगात्मक तहका रूपमा लिइएको छ शिक्षक/प्राध्यापकहरूलाई आफ्नो पेशाप्रति सन्तुष्टि प्रदान गर्न सामुदायिक क्याम्पसमा दिइने सेवा सुबिधा पाठ्यक्रम र आवश्यक सामग्रीहरू समयमै उपलब्ध गराउनु पर्दछ । शिक्षक/प्राध्यापकलाई नयाँ नयाँ प्रविधिको ज्ञान र पाठ्यक्रम प्रबोधिकरण तालिमको पऱ्याप्त व्यवस्था गर्नुपर्दछ । शिक्षक/प्राध्यापक पेशाप्रति जागरूप, निस्ठावान, कर्तव्यनिष्ठ र जिम्मेवार बन्नु पर्दछ ।

शिक्षक/प्राध्यापक आफ्नो पेशाप्रति असन्तुष्ट हुनुका कारण पत्ता लगाई पेशागत समस्या समाधानमा ध्यान दिन जरुरी छ । सामुदायिक क्याम्पसका शिक्षक/प्राध्यापक का सम्वन्धमा चासो राखी सन्तुष्टि प्रदान गर्ने सेवा सुविधा उपलब्ध गराउन आवश्यक छ । शिक्षक/प्राध्यापकको पेशागत सन्तुष्टिका लागि त्रिभुवन विश्व बिद्यालय, परीक्षा नियन्त्रण कार्यलय, क्याम्पस व्यवस्थापन समिति, क्याम्पस प्रमुख र शिक्षक/प्राध्यापकहरू बीच समय समयमा बैठक व्यवस्थापन गरी शिक्षक/प्राध्यापकको सन्तुष्टिमा आवश्यक सेवा सुविधामा जोड दिनु पर्दछ ।

**सन्दर्भ ग्रन्थ**

थापा, तारावहादुर (२०६८), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* सनलाइट ।

नेपाल सरकार (२०७२), *शिक्षा ऐन २०२८ आठौँ संसोधन र शिक्षा नियमावली २०५९* ।

नेपाल सरकार (२०७४), *शिक्षा ऐन २०२८ नवौँ संसोधन र शिक्षा नियमावली २०५९,* ।

भट्टराई, केशवराज (२०७०), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* जुपिटर पब्लिसर्स एण्ड डिस्टिव्युटर्स ।

शर्मा, वसन्तकुमार (२०६२), *नेपाली शब्दसागर ,* साझा पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०५३), *शिक्षाको समाजशास्त्रीय तथा दर्शनशास्त्रीयआधार,* एम.के.पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

शर्मा, कुवेरनाथ (२०६६),*नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू,* मकालु प्रकाशन ।

शर्मा, गोपीनाथ (२०५७), *नेपालको शैक्षिक इतिहास,* मकालु प्रकासन गृह ।

हाडा, भूपेन्द्र (२०५५), *गुणात्मक शिक्षणमा शिक्षकको पेशागत दायित्व,* शैक्षिक विकास तथा अनुसन्धान केन्द्र ।

श्रेष्ठ, प्रकाश (२०७२), *संगठनात्मक व्यवहार,* सम्भना पब्लिकेशन प्रा. लि. ।

सिंह, हृदयवीर (२०७२), *सङ्गठनात्मक व्यवहार तथा मानव संसाधन व्यवस्थापन,* अस्मिता बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स प्रा.लि. ।

Agrawal, c. (1995*). Essentials of education technology teaching learning innovation ineducation*. Vikash publishing houses Pvt. ltd.

Griffin, R . W. (2005). *Management (8 th ed.) ..*

Robbins, P coulter, & vohra, (2010 AD ). *Management (10 th ed ) .*

Robbins,s.p.& sanghi, s. (2006 AD). *Organization behaviour (11th ed ).* pearson education.